# विश्वले अभूतपूर्व जल संकटको सामना गरिरहेको छः मन्त्री डा परियार

काठमाडौँ(जस)-कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारले विश्व अभूतपूर्व जल सङ्कटको सामना गरिरहेको उल्लेख गर्दै यसको संरक्षणका लागि क्षेत्रीय सहकार्य आवश्यक रहेकामा जोड दिएका छन् । राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपालस्थित संयुक्त अरब इमिरेट्स (युएई) दूतावासले संयुक्त रूपमा मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एकपटक जल अभावको सामना गर्नंपर्ने अवस्था रहेको उल्लेख गरे । मन्त्री डा परियारले भने, "यदि यो समस्या समयमै सम्बोधन गरिएन भने यो सङ्कटले खाद्य सुरक्षामा गम्भीर असर पार्न सक्छ, मानवीय सङ्कट निम्त्याउन सक्छ, बसाइँसराइको दबाब बढाउन सक्छ र अस्थिरतासमेत निम्त्याउन सक्छ ।"

'विश्वव्यापी जलवायु चुनौतीबीच जल संरक्षण र नवप्रवर्तनः मोहम्मद बिन जायेद वाटर इनीसियटिभका दृष्टिकोण' विषयक कार्यक्रममा उनले जल संरक्षण र नवप्रवर्तन जस्ता विषय अहिले विश्व स्थिरता तथा मानव कल्याणका केन्द्र बिन्दुमा रहेका बताए । नेपाल र युएईबीच विश्वास, आपसी सम्मान र दिगो समृद्धिको साझा आकांक्षामा आधारित, तत्पर र विस्तार हुँदै गएको सम्बन्ध रहँदै आएको उल्लेख गर्दै उनले यी सम्बन्धहरूको सबैभन्दा बलियो आधार नै हाम्रो जनस्तरको सम्बन्ध भएको बताए ।

मन्त्री डा परियारले नेपाल जलस्रोतमा धनी देश भए पनि धेरै समुदायले सुक्खा महिनामा पानी अभावको गम्भीर समस्या भोगिरहेका उल्लेख गर्दै पहाडी क्षेत्रमा मुहानहरू सुक्दै गइरहेका, तराईमा भू-जल दोहन तीव्र हुँदै गएको र गाउँ-बस्तीका पानी प्रणालीहरू जलवायु परिवर्तन र जनसङ्ख्या वृद्धिका कारण दबाबमा रहेका बताए । "जलवायु परिवर्तनले यी चुनौतीहरूलाई अझ गम्भीर बनाएको छ । पानी पर्ने समयमा अनिश्चितता बढेको छ । महत्वपूर्ण जल भण्डारणका रूपमा रहेका हिमनदहरू पग्लिरहेका छन् । खडेरी, बाढी-पहिरो तथा मौसमी परिवर्तनहरूले कृषि र सामुदायिक पानी आपूर्तिमा प्रत्यक्ष प्रभाव पारिरहेका छन्", उनले भने ।

त्यसैले, पानी सुरक्षा अब समन्वित कार्य, वैज्ञानिक योजना, प्रविधिक नवप्रवर्तन, सामुदायिक साझेदारी तथा अन्तरराष्ट्रिय सहकार्य आवश्यक पर्ने अत्यावश्यक राष्ट्रिय प्राथमिकता बनेको उनको भनाइ थियो । नेपालको राष्ट्रिय जलस्रोत नीतिले नदी-घाटी तहमा एकीकृत जलस्रोत व्यवस्थापनलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको उनले अवगत गराए । हिमालय क्षेत्रमा पानीसम्बन्धी मुद्दाहरू परस्पर-सम्बद्ध रहेको उल्लेख गर्दै मन्त्री डा परियारले भने, "हाम्रा नदीहरू, हिमनदीहरू र मौसम प्रणालीहरू सीमापार बग्छन्, जसले धेरै देशहरूको भविष्यलाई जोड्दछ । त्यसैले पानी सुरक्षा केवल राष्ट्रिय प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि क्षेत्रीय सहकार्य, संयुक्त वैज्ञानिक अनुसन्धान, डेटा साझेदारी, प्रारम्भिक चेतावनी प्रणाली र समन्वित नदी-घाटी योजना आवश्यक छ ।"

कार्यक्रममा युएइका राजदूत अब्दुल्ला जर्वान अल शम्सीले पानीलाई जीवन, विकास र वातावरणका लागि आधारभूत संशाधनका रूपमा सुरक्षित राख्न आह्वान गरे । उनले पानी मानव अस्तित्व, आर्थिक उन्नति र पारिस्थितिक सन्तुलनका लागि अत्यावश्यक भएको बताउँदै विश्वभर करोडौं मानिस दैनिक रूपमा पानी अभावको सामना गरिरहेको तथ्य उल्लेख गरे । "पानी अमूल्य र सीमित स्रोत हो । जलवायु परिवर्तन, प्रदूषण र जनसङ्ख्या वृद्धि जस्ता चुनौतीहरूको कारण यसको दिगो व्यवस्थापन झनै महत्वपूर्ण बन्दै गएको छ", उनले भने । उनका अनुसार 'जल संरक्षण' अर्थात् पानीको बचत तथा समुचित व्यवस्थापन अब विकल्प नभई आवश्यकता बनेको छ ।

वर्षायाममा उपलब्ध पानी सङ्कलन तथा भण्डारण, वर्षा पानी सङ्कलन प्रणाली, दक्ष सिँचाइ प्रविधि, नदी तथा भूगर्भीय जलस्रोतको संरक्षणजस्ता उपाय अवलम्बन नगरे पानी अभावले खाद्य सुरक्षादेखि स्वास्थ्य र सामुदायिक स्थायित्वसम्म जोखिम बढ्ने राजदूत शम्सीले बताए । उनले सन् २०२४ मा यूएइका राष्ट्रपति महामहिम मोहम्मद बिन जायेद अल नाह्यानले प्रारम्भ गरेको 'मोहम्मद बिन जायेद वाटर इनिसिएटिभ' ले विश्वव्यापी जल अभाव समाधानका लागि नयाँ प्रविधि, लगानी र अन्तरराष्ट्रिय समन्वयलाई प्रवर्द्धन गरिरहेको जानकारी दिए । उक्त पहलले डिसालिनेसन (समुद्री पानी मिठ्याउने) जस्ता अत्याधुनिक प्रविधि तथा संवेदनशील मुलुकहरूका लागि प्रत्यक्ष सहयोगलाई प्राथमिकता दिएको उनले बताए ।

विश्वव्यापी तहमा यूएइले सेनेगलसँगको सह-आयोजनामा सन् २०२६ को राष्ट्रसङ्घीय जल सम्मेलनका लागि तयारी गरिरहेको जानकारी गराउँदै उनले जल प्रविधि, नवप्रवर्तन र पारिस्थितिक संरक्षणलाई सुदृढ योजना स्वरूप अघि बढाउन आवश्यक रहेको औँल्याए । त्यसैगरी कोषका सदस्य सचिव डा नरेश सुवेदीले कोषले सन् २००९ मा विश्वव्यापी प्रजाति संरक्षणका उद्देश्यका साथ स्थापित मोहम्मद बिन जायेद स्पिसिज कन्भर्सेशन फण्डसँग नजिकबाट काम गर्दै आएको अवगत गराए । उनले उक्त कोषले अहिलेसम्म १७० देशमा तीन हजार १०० भन्दा बढी संरक्षण परियोजनालाई सहयोग पुऱ्याइसकेको र एक हजार ९०० प्रजातिलाई विलुप्तिको सङ्घारबाट फर्काउन मद्दत गरेको बताए । सन् २०२४ फेब्रुअरीमा अबुधाबीमा राष्ट्रपति मोहम्मद बिन जायेदद्वारा स्थापना र शुभारम्भ गरिएको 'वाटर इनिसिएटिभ'ले पानी सङ्कटका चुनौती सामना गरिरहेका समुदाय र पारिस्थितिकी प्रणालीमा व्यावहारिक समाधानका लागि सहयोग गर्ने उल्लेख गरे ।

# स्वास्थ्य मन्त्रालयको सेवा सिंहदरबारबाट सुरु




काठमाडौं(जस)-स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबारबाट सेवा प्रवाह सुरु गरेको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले आजदेखि आंशिक रूपमा सिंहदरबारबाट सेवा प्रवाह भएको जानकारी दिए । उनका अनुसार मन्त्री, दुई सचिव, नीति, योजना तथा अनुगमन महाशाखा र कर्मचारी महाशाखाबाट हुने सेवा प्रवाह सिंहदरबारबाट सुरु गरिएको छ ।

सिंहदरबारस्थित नेपाली सेनाको नर्सिङ दल गणको खाली जग्गामा विश्व स्वास्थ्य सङ्गठनले मन्त्रालयका लागि छ वटा 'प्रिफ्याव ब्लक' बनाइदिएको छ । "मन्त्रालयका सबै शाखा सर्न अझै एक महिना लाग्छ," उनले भने, "तत्कालका लागि मन्त्री र दुई सचिव र दुई महाशाखाको काम सिंहदरबारबाट सुरु गरिएको हो ।" गत भदौ २४ गते भएको जेनजी आन्दोलनका कारण रामशाहपथस्थित मन्त्रालयमा आगजनी भएपछि अस्थायी रूपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यालयबाट मन्त्रालयले सेवा दिइरहेको थियो ।

# 'विश्वको उत्कृष्ट गन्तव्य नेपाल पाँचौं कला प्रदर्शनी' सम्पन्न

काठमाडौँ(जस)- पर्यटन प्रवर्द्धन गर्ने हेतुले सुरु भएको ' विश्वको उत्कृष्ट गन्तव्य नेपाल पाँचौँ कला प्रदर्शनी' सम्पन्न भएको छ । पोखरा प्रदर्शनी केन्द्र नयाँबजारमा आयोजना भएको ३४औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३औँ क्यान इन्फोटेक-२०८२ अन्तर्गत उक्त प्रदर्शनी कार्यक्रम भएको थियो । जसमा नेपाल कला यात्राका अभियन्ता तथा कलाकार नगेन सिंहले सिर्जना गरेका कलाकृतिहरू प्रदर्शनमा राखिएका थिए ।

नेपाललाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने अभियानअन्तर्गत सिहंले नेपाल कला यात्रा पुस्तक प्रकाशन गर्दै आएका छन् । उक्त पुस्तकलाई विश्वका १९७ वटा भाषामा प्रकाशन गर्ने लक्ष्य राखिएको पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोर्कण कार्कीले बताए । अभियन्ता सिंहले महाअभियानमा रु एक सय योगदान गरेर जो-कोही सहभागी हुन सक्ने बताए । हालसम्म एक हजार ८१५ जनाभन्दा बढी व्यक्तिहरू यस महाअभियानमा सहभागी भइसकेको उनले बताए ।

नेपाल कला यात्रा पुस्तक प्रकाशन समिति संयोजक चिन्तामणि खरेलले अभियानमा एक सय रुपैयाँ वा सोभन्दा बढी योगदान गरेर सहभागी हुने सबै व्यक्तिहरूको नाम पुस्तकमा प्रकाशित जानकारी दिए । यसले सहभागीहरूलाई अभियानसँग भावनात्मक रूपमा जोड्ने अपेक्षा गरिएको छ ।

**Khaniyabas Rural Municipality**

**Office of the Rural Municipal Executive**

Darkha, Dhading, Bagmati Province, Nepal

**Invitation for Bids**

Date of Publication: 10th Dec, 2025(Second Time)

1. Khaniyabas Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction following works under National Competitive Bidding Procedures.

| IFB No. | Description of Works | Bid Security NRs.(Dharauti Khata) | Bid Document (Rajaswa Khata ) Fee (NRs.) | Estimated Amount (Including Vat and PS) | Remarks |
|---|---|---|---|---|---|
| Khaniyabas/SQ/works/ 09/2082-083RE | Sanyung Paticho Road | 25,000.00 | 1000.00 | | |

2. Eligible Bidders may obtain information and inspect the bidding documents at **Khaniyabas Rural Municipality, Office of Municipal Executive,Darkha,Dhading** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidders submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy(pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in bank:
   Name of Bank:-Global IME Pvt.Ltd. Khaniyabas Branch,Dhading
   Name of Account: Ga-1.1 Antarik Rajaswa Khaata(Khaniyabas Ga.Pa.)
   Office Account No.:36204010000005(rajaswa khata)
4. Electronic bids must be submitted to the through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 on 26th Dec,2025, from the date of publication of this notice, Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of the bidder's representative who choose to attend at Khaniyabas Rural Municipality, Office of Municipal Executive, Darkha, Dhading, Bagamati Province, Nepal at 13:00 hours of 26th Dec, 2025from publication date of this notice. Bids must be valid for a period of 90 days after the deadline of bid submission. All bids must be accompanied by a bid security of amount mentioned above, **Valid 30 days beyond the validity period of Bid.**
   If bidder wish to submit Bid Security in the form of cash, should be deposit in:
   Name of Bank: Global Ime Pvt.Ltd, Khaniyabas Branch, Dhading
   Name of office:Khaniyabas Rural Municipality
   Office Account No.:36204010000004(Dharauti khata)
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bid should comply in all respects with the instructions to bidder included in the Bid document Noncompliance with this instruction will result in disqualification.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, **Khaniyabas Rural Municipality** reserves the right to amend and correct at any time.

**Chief Administrative Officer**

# खेलकुद सप्ताह सुरु, दुई खेलाडीलाई नगदसहित सम्मान

भक्तपुर(जस)-जनप्रेमी वर्ल्ड स्कुल भक्तपुरले मंगलबारदेखि सुरु गरेको जेडब्लुएस खेलकुद सप्ताहमा विभिन्न २० वटा खेलमा एक हजार ८०० विद्यार्थी प्रतिस्पर्धामा उत्रिएका छन् । मध्यपुर युथ एसोसिएसन खेल मैदान सानोठिमीमा मंगलबारदेखिसुरुभएकोप्रतियोगिताको मध्यपुरथिमि नगरपालिका प्रमुख सुरेन्द्र श्रेष्ठले उद्घाटन गरे । उनले मध्यपुरथिमि नगरपालिकामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन भइरहेको बताउँदै नगरपालिकाले शिक्षा र खेलकुदलाई सँगसँगै विकासका रूपमा अगाडि बढाइरहेको बताए । खेलकुदको विकासका लागि नगरपालिकाले वार्षिक बजेट विनियोजन गर्दै वडावडामा प्रशिक्षण सञ्चालन गरिरहेको र विद्यालयस्तरीय खेलकुदलाई उच्च प्राथमिकतामा राखेको बताए ।कार्यक्रममा जनप्रेमी वर्ल्ड स्कुलका प्रिन्सिपल निलेश आचार्यले विद्यालयले हरेक वर्ष खेलकुद सप्ताह मनाउने घोषणा गर्दै विद्यालयस्तरबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी उत्पादन गर्ने गरी खेलकुदको प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्दै आएको बताए । उनले प्रतियोगितामा विजेता हुने टोलीलाई सिल्ड र उत्कृष्ट खेलाडीहरूलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिए ।

**दुई खेलाडीलाई सम्मान**

नेपालको प्रतिनिधित्व गर्दै हालै इजिप्टमा सम्पन्न विश्व च्याम्पियन कराते प्रतियोगितामा सहभागी दुई खेलाडी एरिका गुरुङ र सानुमाया थिङलाई नगद रु पाँच हजारका दरले पुरस्कार एवं सम्मानपत्र प्रदान गरिएको छ । विद्यालयका अध्यक्ष मनोज आचार्यले नगद एवं नगर प्रमुख श्रेष्ठ र विद्यालयका प्रिन्सिपल आचार्यले सम्मानपत्र प्रदान गरे । कार्यक्रममा प्रिन्सिपल आचार्यले खेलाडीद्वय गुरुङ र थिङलाई आगामी वर्ष हुने अन्तरराष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेमा नगद रु ५० हजारका दरले पुरस्कार प्रदान गर्ने घोषणा गरे ।

# मदेइरामा सञ्चालित शिविरबाट १०० जनालाई कूटनीतिक सेवा प्रदान

पोर्चुगल(रासस)-पोर्चुगलको सामुद्रिक टापु ' मदेइरा' मा सञ्चालित दुईदिने घुम्ती शिविरबाट १०० नेपालीले कूटनीतिक सेवा लिएका छन् । लिस्बनस्थित नेपाली दूतावासको टोलीले मदेइरा आइल्याण्डको फुन्चालमा सञ्चालन गरेको राहदानी नवीकरण तथा कागजात प्रमाणीकरण 'कन्सुलर' सम्बन्धी शिविरमा उपस्थित भई ८१ जनाले जैविक विवरण (बायोमेट्रिक्स) उपलब्ध गराइ राहदानीका लागि अनुरोध गरेका हुन् ।

शिविरबाट ७५ जनाको राहदानी नवीकरण, दुई जनाको हराएको राहदानी र चार बालबालिकाको नयाँ राहदानी (ई-पासपोर्ट) समेत गरी ८१ जनाको आवेदन सङ्कलन गरिएको नेपाली दूतावासले स्पष्ट गरेको छ ।

राहदानी आवेदनका अतिरिक्त १५ जनाको प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) सहित अन्य कागजात प्रमाणीकरण र चार जनाको राहदानी वितरण गरी कूल १०० सेवाग्राही नेपालीले सेवा लिएको दूतावासका प्रथम सचिव रामबाबु नेपालले राससलाई जानकारी दिए । शिविरबाट करिब ११ हजार युरो अर्थात् रु १८ लाख ४० हजार राजस्व सङ्कलन भएको उनले बताए ।

**Kalika Municipality**

**Office of Municipal Executive**

**Redcrossgram, Chitwan**

**INVITATION FOR BIDS**

**First date of publication: - 2082-08-24 B.S / (10th December, 2025)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Estimated Amount (NRs.) Inclusive VAT and PS | Last Date of Bids Submission Date | Bids Opening Date | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 15/Works/NCB/ KM/2082/083 | **Samipur towards east Canal Lining Works Kalika 2** | **39,19,611.62** | **Before 12.00 noon till 2082-09-25 B.S (9th January, 2026)** | **1.00 PM on 2082-09-25 B.S (9th January, 2026)** | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2083-01-26 B.S (9th May, 2026))** | **1,00,000.00** | **3,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**